कनकाई नगरपालिकाद्वारा प्रकाशित

# कनकाई राजपत्र

खण्डः २ सङ्ख्याः ६ प्रकाशन मितिः २०७७/०८/११

कार्यपालिकावाट स्वीकृत मिति २०७७/०८/०७

## भाग - २

### सामुदायिक विद्यालयहरूमा दिवा खाजा सञ्चालन कार्यविधि, २०७७

**प्रस्तावना**

शिक्षाको पहुँचमा सुधार गर्न सहयोग पु र्याउने उद्देश्यले संघीय सरकारको ससर्त अनुदान मार्फत सामुदायिक विद्यालयहरू माप्राथमिक तहमा (बाल कक्षादेखि कक्षा ५ सम्म )चालू आर्थिक वर्ष २० ७७/०७८ बाट दिवा खाजा कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन समेत भएकोले उक्त कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्ने प्रयोजनका लागि"सामुदायिक विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ जारी गरिएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** १.१ यो कार्यविधिको नाम “सामुदायिक विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन कार्यविधि २०७७”रहेकोछ।

१.२योकार्यविधिनगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **कार्यक्रमको उद्देश्य**

- विद्यार्थीहरूको स्वास्थ्य एवम् पोषणको विद्यमान स्थितिमा सुधार ल्याउने,
- गरिब तथा विपन्न परिवारका भोक भोकै विद्यालय आउने बालबालिकाहरूलाई मद्दत पुग्ने,
- विद्यालय उमेर समूहका बालबालिकाहरूको भर्ना दरमा वृद्धि गरी शिक्षाको पहुँचमा वृद्धि गर्ने,
- विद्यार्थीहरूको कक्षा दोहर्याउने र कक्षा छाड्ने प्रवृत्तिमा कमी ल्याउने,
- विद्यार्थीहरूको कक्षा उपस्थिति दरमा वृद्धि गर्ने,
- विद्यार्थीहरूको शैक्षिक क्षति न्यून गरी सिकाई उपलब्धि बढाउने।

३. **दिवा खाजाको परिकारहरूः**

स्थानीय स्तरमा उपलब्ध हुने खाद्यपदार्थबाट सम्बन्धित विद्यालय खाजा व्यवस्थापन समितिले विद्यार्थीहरूलाई देहायका समूहका खाद्य सामग्रीबाट दिवा खाजा तयार गरी विद्यार्थीहरूलाईखुवाउनु पर्नेछ।

१. कार्वोहाइड्रेटसमूहः.शक्ति दिने॰ चामल, गहुँ, मकै, कोदो फापर, जौ, आलु, तरुल, सखरखण्ड आदि
२. प्रोटिन समूहः.शरीर विकास गर्ने॰ भटमास, सिमी, केराउ, चना, गेडागुडी, माछा, मासु, अण्डा आदि
३. मिनरलसमूहः.शक्ति दिने, प्रतिरक्षात्मक॰ हरियो सागपात र अन्य हरिया तरकारीहरू।
४. भिटामिन मिनरल्सः.शरीरका अङ्गहरूको सन्तुलित विकास र कार्य क्षमता बृद्धि गर्ने॰ जस्तै स्याउ, सुन्तला, जुनार, नास्पाती, मेवा, केरा आदि ।
५. चिल्लो पदार्थ समूह, जस्तै घ्यू, तेल, नौनी, दूध, दही आदि ।

६. स्थानीय स्तरमा उत्पादित गुणस्तर ननासिने गरी ॠ प्याकेजिङ्ग गरिएका खाद्यान्न तथा फलफूलहरू,

७. तयारी अवस्थामा पाइने खाद्य सामग्रीको प्रयोगलाई निरूत्साहितगर्दैजङ्कफुडलाईप्रतिवन्ध लगाउने,

## ४. विद्यालय खाजा व्यवस्थापन समिति

दिवा खाजा कार्यक्रम सञ्चालन भएको विद्यालयको विद्यालय व्यवस्थापन समितिले देहाय बमोजिम एक खाजा व्यवस्थापन समिति गठन गर्नु पर्नेछ ।

१. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको उक्त समितिको सदस्य, अध्यक्ष

२. सम्बन्धित वडाको वडा सदस्य १ जना सदस्य

३. शिक्षक अभिभावक सङ्घद्वारा मनोनीत कम्तीमा एक महिला सहित अभिभावकहरू मध्येबाट बढीमा २ जना सदस्य

४. विद्यालयमा वाल क्लब भए सोबाट र नभए विद्यार्थीहरू मध्येबाट कम्तीमा एक छात्रा सहित २ जना सदस्य

५. स्थानीय स्तरमा भएको बन उपभोक्ता समिति र आमा समूह गठन भएको भए सोका अध्यक्ष १/१ गरी २ जना सदस्य

६. स्थानीय गैरसरकारी संस्था भएमा सोको प्रतिनिधि सदस्य

७. विद्यालय व्यवस्थापन समितिले तोकेको १ जना शिक्षक सदस्य सचिव

## ५. विद्यालय खाजा व्यवस्थापन समितिको काम, कर्तव्यः

विद्यालय तथा विद्यालय व्यवस्थापन समितिको सहयोगमा यस समितिले खाजा व्यवस्थापनका निम्न बमोजिम कामहरू गर्नेछ ।

१. खाजा सामग्रीको सूचि तयार गर्ने, खरिद गर्ने वा गराउने,

२. खाद्य सामग्री भण्डारण र सुरक्षा गर्ने,

३. खाजा पकाउने र खुवाउने,

४. खाजा पकाउने स्थानको सरसफाइ व्यवस्थापन गर्ने,



कानून

५. खाजा पकाउने व्यक्तिलाई खाद्यान्नको तयारी, स्वस्थता लगायतका विषयमा तालिम गराउने,

६. अन्य आवश्यक कार्यहरू गर्ने ।

## ६. उपलब्ध भएको रकम खर्च गर्ने आधारहरूः

नगरपालिकाबाट उपलब्ध भएको दिवा खाजा बापतको रकम विद्यालय खाजा व्यवस्थापन समितिले निम्न कार्यमा खर्च गर्न सक्नेछः

१. विद्यार्थीहरूका दिवा खाजाका लागि आवश्यक पर्ने खाद्य सामग्रीहरू खरिद गर्न,

२. खाजा पकाउन आवश्यक पर्ने भाँडावर्तन खरिद गर्नु पर्ने भए सो कार्यका लागि र

३. खाजा व्यवस्थापनसम्बन्धित अन्य कार्य गर्न ।

उपरोक्त बुँदा नम्बर २,३ अनुसार खर्च गर्नु पर्दा नगरपालिकाको पूर्व स्वीकृति लिएर दिवा खाजामा तोकिएको मात्रा र गुणस्तरमा असर नपर्ने गरी कार्यक्रम सञ्चालन अवधि भरमा एक पटकको लागि १०० जना सम्म विद्यार्थी भएमा रु १०,०००।, १०१ देखि १५० जना सम्म विद्यार्थी भएमा रु १२५००। र १५१ भन्दा बढी जति संख्यामा विद्यार्थी भए पनि रु १५,०००। खर्च गर्न सकिने छ । आवश्यक सामग्रीको सूची नगरपालिका शिक्षा शाखाले प्रदान गर्ने छ ।

## ७. दिवा खाजा कार्यक्रमको आर्थिक व्यवस्थापनः

कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिमदिवा खाजा कार्यक्रमको लागि ससर्त अनुदानबाट प्राप्त रकम रकमको विद्यालयहरूलाई निकासा दिइनेछआम्दानी खर्चको हिसाब दुरुस्त राख्नु पर्नेछ ।यसरी आम्दानी र खर्चको हिसाब राख्ने तथा विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन गराउने कार्यको जिम्मेवारी खाजा व्यवस्थापन समितिको सदस्य सचिवको हुनेछ।दिवा खाजा बापत भएको खर्चको मासिक प्रगति नगरपालिकामा पठाउने दायित्व प्रधानाध्यापकको हुनेछ।

## ८. दिवा खाजा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनः

यस कार्यक्रमको नियमित अनुगमन विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, नगरपालिका शिक्षा शाखा, नगर शिक्षा समिति तथा नगरपालिकाका अन्य पदाधिकारिहरूबाट सम्पन्न हुनेछ । कार्यक्रमको प्रभावकारिता मूल्याङ्कनका लागि विद्यालयले खाजा कार्यक्रम सुरु गर्नु अघिको यथार्थ विवरण .भौतिक, शैक्षिक, आर्थिक, विद्यार्थीको टिकाउ दर, सिकाइको अवस्था, आदि॰ को रजिस्टर तयार गरी राख्नु पर्नेछ ।

## ९. अन्य व्यवस्थाः

१. विद्यालयहरूमा सञ्चालन हुने दिवा खाजाको प्रभावकारी व्यवस्थापनमा सहयोग पुर्याउन अनुसूची-१ बमोजिम नगर स्तरीय विद्यालय स्वास्थ्य र पोषण समन्वय समिति गठन गरिने छ साथै सोही अनुसूची बमोजिमको भूमिका प्रदान गरिने छ।

२. दिवा खाजाको कोटा प्राप्त विद्यालयलेअनुसूची-२ बमोजिम प्रतिबद्धतामा हस्ताक्षर गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

३. दिवा खाजाको गुणस्तर तथा अन्य व्यवस्थापनमा सुगमता ल्याउन प्रत्येक विद्यालयले अनुसूची-३ अनुसार विद्यालय स्वास्थ्य र पोषण समिति गठनगरीसोको जानकारीनगरपालिकालाई गराउनु पर्नेछ साथै सो समितिलाई तोकिएको जिम्मेवारी निर्वाहमा परिचालन गराउनु पर्नेछ ।

४. स्थानीय रूपमा उत्पादित, प्रशोधित तथा प्याकेजिङ्ग गरिएका गुण स्तरी य खाने कुरा विद्यार्थीहरूलाई खाजाको रूपमा खुवाउन सकिनेछ ।

कनकाईपत्र

अनुसूचि-१

नगर स्तरीय विद्यालय स्वास्थ्य र पोषण समन्वय समितिः

| | |
|---|---|
| नगर शिक्षा प्रमुख | संयोजक, |
| स्वास्थ्य शाखा प्रमुख | सदस्य, |
| नगर शिक्षा समितिको | सदस्य, |
| नगर बाल सञ्जालको अध्यक्ष | सदस्य, |
| शिक्षा अधिकृत | सदस्य सचिव |

नगर स्तरीय विद्यालय स्वास्थ्य र पोषण समन्वय समितिको भूमिकाः

१. विद्यालय स्वास्थ्य र पोषण कार्यक्रमको नगर स्तरीय कार्ययोजना बनाउने र सम्बन्धित निकायहरू मार्फत कार्यान्वयन गर्ने गराउने,
२. खानेपानी, शौचालय र सरसफाइ जस्ता क्रियाकलापहरूको सञ्चालनमा स्थानीय खानेपानी कार्यालयसँग समन्वय गर्ने र सहयोग लिने,
३. कार्यक्रमको नियमित समीक्षा, सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गर्ने,
४. सरोकारवाला सरकारी , गैरसरकारी र दातृ संस्थाहरूसँग सम्पर्क र समन्वय गर्ने, सञ्जाल निर्माण गर्ने र साझेदारी कायम गर्ने,
५. स्वीकृत नीति, निर्देशिका अनुसार कार्यक्रम सञ्चालन गर्ने र परिमार्जन वा संशोधन गर्नु पर्ने देखिएमा सुझाव दिने,
६. कार्यक्रम सञ्चालनको लागि स्रोतको खोजी गर्ने र परिचालन गर्ने,
७. नगर स्तरमा तालिम , गोष्ठी, कार्यशाला, बैठकको आयोजना गर्ने र विद्यालय स्तरमा आयोजित तीकार्यक्रमहरूको सञ्चालनमा स्रोत तथा विशेषज्ञ उपलब्ध गराई सहयोग गर्ने,
८. सम्बन्धित विद्यालयहरूबाटप्रगति प्रतिवेदन लिने र शिक्षा समितिमा पेस गर्ने,
९. कार्यक्रमसँग सम्बन्धित विषयहरूमा आवश्यक अन्य कार्यहरू गर्ने ।

कानूनीराजपत्र

अनुसूची-२

## प्रतिबद्धता पत्र

दिवा खाजा कार्यक्रम सञ्चालनका लागि छनोट भएको विद्यालयले नगरपालिकामा पेस गर्नुपर्ने प्रतिबद्धता पत्र नेपाल सरकारको सहयोगमा आर्थिक वर्ष.................देखि दिवाखाजा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा श्री ............................... विद्यालयले मिति ................................ मा कनकाई नगरपालिका शिक्षा शाखामा पेस गरेको प्रतिबद्धता पत्र ।

**विद्यालय/विद्यालय व्यवस्थापन समितिको प्रतिबद्धता**

१) दिवाखाजा कार्यक्रमका लागि विद्यालय छनोट भएको जानकारी प्राप्त भएको मितिले ७ दिन भित्र विद्यालयस्तरीय खाजा व्यवस्थापन समिति गठन गरी नगरपालिकामा जानकारी दिनेछौं।

२) विद्यालयमा दिवाखाजा व्यवस्थापनका लागि आवश्यक पर्ने थप स्रोत साधन तथा सहयोग उपलब्ध गराउनेछौं।

३) विद्यालय दिवा खाजा व्यवस्थापन समितिबाट नियमित प्रतिवेदन लिई समितिमा छलफल गराई नगरपालिकामा पेस गर्नेछौं।

४) नियमित अनुगमन गरी सुझाव कार्यान्वयन गर्ने व्यवस्था मिलाउनेछौं।

५) अभिभावक भेला गराई स्वच्छ शैक्षिक वातावरण सिर्जना गर्न अन्तरक्रिया सञ्चालन गर्नेछौं।

६) वार्षिक रूपमा सामाजिक परीक्षण गराई नगरपालिकामा तोकिएको ढाँचामा प्रतिवेदन पठाउनेछौं।

७). विद्यालय खाजा व्यवस्थापन समितिलाई आवश्यक सहयोग गरी दिवा खाजाको सम्पूर्ण व्यवस्थापन गर्नेछौं ।

८) सामुदायिक विद्यालयहरूमा दिवा खाजा सञ्चालन कार्यविधि, २०७७ तथासंघीय सरकारबाट जारीदिवा खाजा मापदण्ड, २०७६अनुसारका कार्य गर्ने छौं।



कनकाई राजपत्र

उपर्युक्त साथै यो कार्यविधि समेतको पालना गरेर खाजा खुवाउने व्यवस्था गर्नेछौं । नगरपालिकाबाट प्राप्त रकम पारदर्शी ढंगले खर्च गर्नेछौं । उपर्युक्त बमोजिम गर्न नसकेमा जुनसुकै बखत कार्यक्रम रद्द गरी नियमानुसार कारबाही गरिएमा हाम्रो मञ्जुरी छ।

.................................... ...............................

अध्यक्ष॰ विद्यालय व्यवस्थापन समिति प्रधानाध्यापक

नामश्री ......................................... नामः श्री

.........................................

श्री ...................................विद्यालय श्री ...................................विद्यालय

ठेगाना .............................. ठेगाना ...............................

कानूनी राजपत्र

## अनुसूचि-३

विद्यालय स्वास्थ्य र पोषण समितिः

१. विद्यालय व्यवस्थापन समितिका अध्यक्ष १ जना संयोजक
२. विद्यालयका प्रधानाध्यापक १ जना सदस्य
३. सचिव शिक्षक अभिभावक संघका अध्यक्ष १ जना सदस्य
४. कार्यक्रम हेर्नेगरी तोकिएका शिक्षक १ जना सदस्य
५. सम्बन्धित वडा अध्यक्ष १ जना सदस्य
६. प्रास्वाके/स्वास्थ्य/उप स्वास्थ्यचौकीका प्रमुख वा महिला स्वास्थ्य स्वयम् सेविका मध्येबाट १ जना सदस्य
७. सम्बन्धित विद्यालय निरीक्षक १ जना सदस्य
८. सहयोगी संस्था/दातृनिकायका प्रतिनिधि २ जना सदस्य
९. स्थानीय वन उपभोक्ता समिति / गैससप्रतिनिधि १ जना सदस्य

**विद्यालय स्वास्थ्य र पोषण समितिको काम कर्तव्य र भूमिकाः**

१. विद्यालयस्तरको आवधिक कार्ययोजना बनाउने र कार्यान्वयन गर्ने ।
२. विद्यालय सुधार योजना (SIP) मा विद्यालय स्वास्थ्य र पोषण कार्यक्रम अन्तर्गतकाक्रियाकलापहरूलाई समावेश गर्ने ।
३. स्थानीयस्तरमा उपलब्ध हुनसक्ने स्रोतको परिचालन गरी कार्यक्रम सञ्चालन गर्ने।
४. दिवा खाजाको व्यवस्थापन गर्दा बजारबाट पाइने तयारी खाजा सके सम्म प्रयोग नगरी स्थानीय स्तरमा उत्पादित खाद्य सामग्री उपयोगमा जोड दिने ।
५. स्वीकृत नीति निर्देशिका अनुसार कार्यक्रम सञ्चालन गर्ने ।
६. स्थानीयस्तरमा कार्यक्रमसँग सम्बन्धित सरोकारवालासँग सम्पर्क गर्ने , समन्वय गर्ने, सञ्जाल निर्माण गर्ने र दिगो साझेदारीको विकास गर्ने ।



कानुनपत्र

७. अन्तर विद्यालयस्तरमा अतिरिक्त क्रियाकलाप गर्ने ।

८. तोकिएको समयमा प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाउने ।

९. कार्यक्रमको स्वअनुगमन, आवधिक समीक्षा र मूल्याङ्कन गर्ने ।

आज्ञाले
मोहनप्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

कनकाइराजपत्र